आज मिति २०७६ साल जेष्ठ ०३ गते शुक्रवारका दिन विहान ८:०० बजे यस त्रिवेणी गाउँपालिका भित्रको विविध विषयमा छलफल गरी निर्णय लिन गाउँ कार्यपालिकाका अध्यक्ष श्री मानबहादुर डाँगीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णय भयो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री मानबहादुर डाँगी | अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री करुणा खड्का | उपाध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीलाल खत्री | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मेघराज रोका | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री हुकुम प्रसाद महतारा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री छवीराज शर्मा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री डिल्लीबहादुर बोहरा | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री मानबहादुर वली | वडा अध्यक्ष,त्रिवेणी गाउँपालिका |
| श्री कान्ती वली | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री गायत्री बुढाथोकी | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री पार्वती वि.क.दलामे | कार्यपालिका सदस्य,त्रिवेणी गाउँपालिका |
| श्री रती वि.क. | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री दली बवाल | कार्यपालिका सदस्य, त्रिवेणी गाउँपालिका |
| श्री डवलसिंह सार्की | कार्यपालिका सदस्य त्रिवेणी गाउँपालिका, |
| श्री रेमन्तबहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत,सदस्य सचिव |

आमन्त्रित

श्री तिलक रावल अधिकृत छैटौ, त्रिवेणी गा.पा.

**प्रस्तावहरु**

१. गाँउपालिका केन्द्र भवनको लागि जग्गा खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाने ।

२. गाँउपालिका केन्द्र भवनको लागि जग्गा खरिद गर्न सो स्थानको जग्गाको चलन चल्तीको न्यूनतम मूल्य कायम गर्ने ।

३. शिक्षा समितिबाट शिफारिस भएका शिक्षक व्यवस्थापन सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

४. आगामि वर्षको लागि योजना तर्जुमा गर्न विषयगत समिति गठन गर्ने सम्बन्धमा ।

५. दोस्रो चौमासिकको खर्च र प्रगती अनुमोदन गर्ने सम्बन्धमा ।

६. महालेखा परीक्षकको वेरुजु प्रतिवेदनमा छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

७. ग्रामिण विद्युतिकरण सम्बन्धमा ।

८.बाँकी बजेट विनियोजन गर्ने सम्बन्धमा ।

९. योजना संसोधन सम्बन्धमा ।

## निर्णयहरु :

**निर्णय नं १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँपालिकाको केन्द्र भवन निर्माण गर्न त्रिवेणी गाउँपालिका वडा नं. ६ लुहाममा स्थानीय जग्गादाताहरुबाट प्राप्त भएको ५ रोपनी जग्गा अप्रयाप्त भएकोले वियोजित बजेट अनुसार थप जग्गा खरिदको लागि तोकिएको न्यूनतम दररेटमा नबढ्ने गरी गाउँपालिकाको स्वामित्वमा रहेको जग्गासंग जोडिएका वा अत्यन्त निकट भएका जग्गादाताहरुसंग १५ दिने सूचना जारी गरी सिलबन्दि दरभाउपत्र माग गर्ने प्रक्रिया अगाडि बढाउने र सो खरिद कारवाहीसंग सम्बन्धित कार्य आगामी पाँचौ गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको भवन निर्माणको लागि अपुग जग्गा खरिद गर्ने प्रयोजनको लागि खरिद गरिने क्षेत्रको(हाल भएको जग्गाको वरपरको) जग्गाको न्यूनतम मूल्य कायम गर्न कार्यपालिकाको निर्णयानुसार गठित सुझाव समितिको सिफारिस अनुसार प्रति रोपनी रु. पाँच लाख रुपैंया कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँ शिक्षा समितिको मिति २०७६।१।३१ को बैठकबाट शिफारिस भएका तपशिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

१. यस गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा न्युनतम विद्यार्थी संख्या नभएका विद्यालयहरुबाट कम शिक्षक भएका विद्यालयहरुमा गाउँ शिक्षा निती २०७५ अनुसार तपसील बमोजिम कामकाज गर्न खटाउन कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो । साथै शिक्षक व्यवस्थापनका लागि शिक्षा विकास तथा समन्वय इकाइ सल्यानसगँ समन्वय गर्न पत्राचार गर्ने ।

| क्रस | जम्मा १ ५ | खाम्ने शिक्षक | विद्यालयको नाम | कायम रहने दरबन्दी | झिक्ने | भर्ना गर्ने | थप्ने |
|---|---|---|---|---|---|---|---|
| १ | २६ | १ | लंकिनी प्राथमिक विद्यालय श्रीचवर | १ शिशु र१ दरबन्दी शिक्षक | १ | | |
| २ | १९ | १ | सिद्ध नि.मा. विद्यालय चैतेडाडा | २ शिशु | १ | १ | |
| ३ | ५५ | ३ | सरस्वती प्रा.वि.कोलचौर काभ्रा | साविक | | | |
| ४ | ८७ | ४ | सरस्वती आधारभुत विद्यालय ठूलाचौर | थप | | | १ |
| ५ | ३७ | २ | चण्डेश्वरी प्रा.वि.लूहाम | साविक | | | |
| ६ | ५३ | ३ | महाकवी देवकोटा प्रा.वि.बाह्रभदौ | साविक | | | |
| ७ | ८ | ० | सिद्धेदेवी प्राथमिक विद्यालय काभ्रा, | १ शिशु | १ | १ | |
| ८ | ९६ | ५ | निमावि विद्यालय दाङचुली फलावाङ, | थप | | | १ |
| ९ | ८७ | ४ | पंचकन्या प्राथमिक विद्यालय राजागिठी | साविक | | | |
| १० | ६८ | ३ | पशूपति आ.वि.भूम्केज्युला त्रिवेणी | थप | | | १ |
| ११ | ३७ | २ | निराजन प्रा.वि.पोखरीचौर | थप | | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | २९ | १ | जनकल्याण प्राथमिक विद्यालय चोरखोला | १ शिशु र१ शिक्षक | १ | | |
| १३ | २० | १ | लक्ष्मी प्रा.वि. डाडासल्ले | १ शिशु र१ दरबन्दी शिक्षक | | | |
| १४ | ३१ | २ | जय बूद्ध प्रा.वि. पोखरी पंचमुल | १ शिशु र१ दरबन्दी शिक्षक | १ | | |
| १५ | ५६ | ३ | राधेश्याम मा.वि.गैरागिठी | थप | | | १ |
| १६ | १०० | ५ | जनता मा.वि. रिठाचौर काभ्रा | थप | | | १ |
| १७ | ७० | ४ | त्रिवेणी मा.वि.सरीकोट | थप | | | १ |
| १८ | ८४ | ४ | सरस्वती मा.वि.सिम्क | थप | | | १ |
| १९ | २३ | १ | कृष्ण आ.वि. पिमखोला | १ शिशु र१ दरबन्दी शिक्षक | | | |
| २० | २७ | १ | कृष्ण प्रा.वि. शंखपीपल | १ शिशु र१ दरबन्दी शिक्षक | | | |
| २१ | २२ | १ | शारदा प्रा.वि. ज्यामीरे | १ शिशु र१ दरबन्दी शिक्षक | | | |
| २२ | ५३ | ३ | जनसहयोग प्रा.वि.वेलडाडा | साविक | | | |
| २३ | ४९ | २ | गायत्री प्रा.वि.ढोरचौर | साविक | | | |
| २४ | १६८ | ८ | ने.रा.मा.वि.रेख | थप | | | १ |
| २५ | २८ | १ | सिद्धगुफा प्रा.वि खज्जर | १ शिशु र१ दरबन्दी शिक्षक | १ | १ | |
| २६ | ६९ | ३ | वाल कल्याण प्रा.वि.सालीबाङ | थप | | | १ |
| २७ | ६४ | ३ | शिव सरस्वती आ.वि.राताचौर | थप | | | १ |
| २८ | ३४ | २ | कालीका प्रा.वि. मेल चौर | १ शिशु र१ दरबन्दी शिक्षक | | | |
| २९ | ६१ | ३ | श्री मा.वि. टोडके | साविक | | | |
| | | | | | ६ | ६ | १२ |

२. प्रा.वि.खज्जरमा शिशु दरबन्दी थप गर्ने तथा ७ जना स्वयमसेवक शिक्षक भर्नाको लागि कार्यपालिकामा सिफारिश गर्ने ।

३. तपसील बमोजिमका शिक्षकहरुलाई देहाय बमोजिमका विद्यालयहरुमा कामकाज गर्न खटाउन कार्यपालिकामा सिफारिश गर्ने साथै जयबुद्ध प्रा.वि. र प्रा.वि.चोरखोला बाट झिक्नु पर्ने र निवेदन दिएका शिक्षकहरु मध्य हरी कुमारी योगी र चित्रबहादुर वलीलाई स्यवमसेवक शिक्षक भर्ना भै सकेपछि क्रमश मा.वि.सरीकोट र पशुपती आ.वि.मा कामकाज गर्न खटाउन सिफारिश गर्ने ।

| **शिक्षकको नाम** | **कामकाज गर्न खटाइएको विद्यालय** |
|---|---|
| १. बसन्ती ढकाल | प्रा.वि.सालीबाङ |
| २.दुर्गाबहादुर वली | मा.वि.रेख |
| ३.खिमा पौडेल | प्रा.वि.कोलचौर |
| ४.संगीता पुन | मा.वि.काभ्रा |
| ५.खर्क सिं राम्जा | मा.वि.काभ्रा |
| ६.बलीराम बस्नेत | राधेश्याम मा.वि.कारागिठी |

**निर्णय नं ४,**
प्रस्ताव नं ४ माथि छलफल गर्दा आगामी आ.व.२०७६।०७७ को लागि बस्तुनिष्ठ, यथार्थपरक र प्राथमिकतामा आधारित योजना छनौट गर्नको लागि गत आ.व.मा गठन गरिएका विषयगत समितिलाई नै निरन्तरता दिने र ती समितिहरुले वडा तथा गाउँपालिकाबाट तयार भएका योजनाहरु विषयगत पक्षबाट वस्तुनिष्ठ, यथार्थपरक र प्राथमिकताको आधारमा छनौट गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने निर्णय गरियो ।
**निर्णय नं ५,**
प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट मिति २०७६ बैशाख महिना सम्मको विभिन्न योजना तथा कार्यक्रममा भएको तपशिल बमोजिमको खर्च तथा प्रगतिको विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

## प्रगति विवरण :

### ०७५ श्रावण देखि ०७६ वैशाख सम्मको पोष्टिङ वित्तिय सामानिकरण पूजिगतको

| | | | |
|---|---|---|---|
| वित्तिय समाणिकरण अनुदान/राजस्व वांडफांड | १४२९६६७००.०० | ७१४२४११८.४४ | ४९.९६ |
| सर्शत अनुदान | १०३०७६०००.०० | ४८२६३३४६.०३ | ४६.८२ |
| **जम्मा** | २४६०४२७००.०० | ११९६८७४६४.४७ | ४८.६४ |

### अन्य

| सि.नं. | विवरण | वार्षिक वजेट | ०७५ श्रावण देखि चैत्र सम्मको खर्च | वजेट वांकी | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा | २१०३१०००.०० | ११७८८६००.०० | ९२४२४००.०० | 56.05 |
| २ | एजि सि डि पी | ३०५०००.०० | २२३५००.०० | ८१५००.०० | 73.28 |
| ३ | गरिव संग विशेश्वर | ३९४०००.०० | १३००००.०० | २६४०००.०० | 32.99 |
| ४ | सडकवोर्ड नेपाल | ६९५९८६.०० | ६९५९८६.०० | ०.०० | 100.00 |
| | **जम्मा** | २२४२५९८६.०० | १२८३८०८६.०० | ९५८७९००.०० | 57.25 |

| | | | | |
|---|---|---|---|---|
| कुल जम्मा | २६८४६८६८६.०० | १३२५२५५५०.४७ | | 49.36 |

**निर्णय नं ६,**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा महालेखापरीक्षकको कार्यालयबाट यस गाउँपालिकाको आ.व.२०७४।७५ को आर्थिक कारोवारको अन्तिम लेखापरीक्षण गरी वार्षिक लेखापरीक्षण प्रतिवेदन, २०७५ प्राप्त भएको र उक्त प्रतिवेदनमा औंल्याइएका विषय सम्बन्धमा सामान्य छलफल गरियो । त्यस माथि व्यापक छलफल गर्ने र आगामी अर्को बैठकबाट आवश्यक निश्कर्षमा पुग्ने निर्णय गरियो ।

**निर्णय नं ७,**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विद्युतिकरण गर्ने सम्बन्धमा पूर्व निर्णय भए बमोजिम शंखमुल सामुदायिक वितरण केन्द्र मार्फत मिति २०७६।२।७ गतेसम्म कार्य प्रारम्भ गर्न नसकेमा गाउँपालिकाले कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं ८,**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमहरुको विभिन्न निर्माण कार्यहरु सम्पादन गर्दा केही रकम बचत हुन गएको हुनाले उक्त बचत रकम जुन वडाको योजनाबाट बचत भएको हो, त्यही वडाको अर्को योजनामा र केही अन्य आवश्यकता अनुसार कार्यक्रम बनाई खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं ९,**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा देहायका स्वीकृत योजनाहरु विविध कारणबाट कार्यान्वयन हुन नसक्ने भएकोले देहाय बमोजिम संसोधन गरियो ।

**तपशिल**

| क्र.स. | साविक योजना | साविक बजेट | संसोधित योजना | संसोधित बजेट |
|---|---|---|---|---|
| १ | तलाले रुख सिचाँइकुलो मर्मत | १५००००। | ढ्याङग्रीमुरे सुवा खोला आरुचौर मो.बाटो निर्माण | १५००००। |

**निर्णय नं १०,**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत वडा नं २ बस्ने ससीराम बि.क..को छोरा तिलकबहादुर वि.क.ले शहिद गंगालाल हृदयरोग केन्द्र बाँसवारी काठमाण्डौमा मुटुको शल्यकृया गराउनु पर्ने अवस्था भएको भनि आर्थिक सहयोगको लागि वडा कार्यालयको शिफारिश सहित निवेदन प्राप्त भएको र सो सम्बन्धमा यस कार्यालयको वातावरण तथा विपद व्यवस्थापन समितिबाट कार्यपालिकामा पेश गर्ने भन्ने व्यहोराको निर्णय भएको सम्बन्धमा निजले पेश गरेको कागजपत्र हेर्दा वास्तविक मुटुरोगी नै देखिएकोले निजलाई आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि,२०७५ को प्रावधान बमोजिम रु.१०,०००। आर्थिक सहायता प्रदान गर्ने, कपुरकोट गा.पा.२ खालीबजार बस्ने रमेश बुढामगरले MR. SEE २०१९ प्रतियोगिताको Grand Finale चरणमा प्रवेश गर्न सफल भएको र मेरो घरको आीर्थक अवस्था कमजोर भएको अवस्था र मेरो जीत भएमा मेरो व्यक्तिगत तथा नेपाली कला सस्कृतिको अन्तराष्ट्रिय स्तर सम्ममा पनि प्रचार हुने भएकोले आर्थिक सहयोगको याचना गरी यस कार्यालयमो दिएको निवदन अनुसार निजलाई रु.१५०००। आर्थिक सहयोग गर्ने र ती माथि उल्लेखित साहयता रकम गत वर्षको वाँकी बजेट मध्यको विविध खर्च शिर्षकबाट गर्ने निणय गरियो ।